# संवत् २०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार
गृह मन्त्रालय

# संवत् २०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

<u>प्रस्तावना</u>ः संवत् २०८२ भाद्र २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिको अपाङ्गताको अवस्था तथा गाम्भिर्यताका आधारमा आर्थिक सहायता तथा जीवन निर्वाह वृत्ति उपलब्ध गराउन नेपाल सरकारले यो कार्यविधि तयार गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम "संवत् २०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "जेन-जी (Gen-Z) प्रदर्शन" भन्नाले संवत् २०८२ साल भाद्र २३ र २४ गते जेन-जी (Gen-Z) को अगुवाइमा काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा भएको प्रदर्शन तथा आन्दोलनलाई सम्झनु पर्छ।

(ख) "प्रतिशत निर्धारण" भन्नाले जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते तथा अपाङ्ग भनी सूचीकृत भएका व्यक्तिको प्राविधिक समितिबाट निर्धारण भए बमोजिमको अपाङ्गता प्रतिशतलाई सम्झनु पर्छ।

(ग) "प्राविधिक समिति" भन्नाले जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते भएका व्यक्तिको अपाङ्गताको वर्गीकरण गर्नको लागि दफा ३ बमोजिम गठित प्राविधिक समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

३. <u>प्राविधिक समिति</u>ः (१) जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते भएका व्यक्तिको अपाङ्गताको आधारमा वर्गीकरण गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहने छः-

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, गुणस्तर मापन तथा नियमन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -संयोजक |
| (ख) हाडजोर्नी विशेषज्ञ | -सदस्य |
| (ग) नाक, कान, घाँटी विशेषज्ञ | -सदस्य |
| (घ) जनरल मेडिसिन विशेषज्ञ | -सदस्य |
| (ङ) आँखा रोग विशेषज्ञ | -सदस्य |
| (च) शल्य चिकित्सक विशेषज्ञ | -सदस्य |
| (छ) मानसिक रोग विशेषज्ञ | -सदस्य |
| (ज) घाइते तथा अपाङ्गको सिफारिसमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको विशेषज्ञ एक जना | -सदस्य |
| (झ) उपसचिव, गृह मन्त्रालय | -सदस्य |



नेपाल सरकार गृह मन्त्रालय

(ञ) उपसचिव, गुणस्तर मापन तथा नियमन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(२) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका विशेषज्ञ सदस्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोक्ने छ।

४. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकार</u>: प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जेन-जी प्रदर्शनका घाइतेको शारीरिक तथा मानसिक स्वास्थ्यको अवस्था र स्वास्थ्य संस्थाको कागजात समेत हेरी विभिन्न वर्गमा वर्गीकरण गर्ने,

(ख) अपाङ्गताको प्रतिशतको आधारमा घाइतेलाई राहत उपलब्ध गराउन मन्त्रालयमा सिफारिस गर्ने,

(ग) अपाङ्गताको अवस्था र यसको वर्गीकरण पुनरावलोकन गर्नु परेमा पुनरावलोकन गरी मन्त्रालयमा सिफारिस गर्ने।

५. <u>घाइतेको वर्गीकरण</u>: (१) घाइतेको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) अति गम्भीर घाइते,

(ख) गम्भीर घाइते,

(ग) मध्यम घाइते,

(घ) सामान्य घाइते।

(२) उपदफा (१) बमोजिमका घाइतेको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था प्राविधिक समितिबाट निर्धारण भए बमोजिम हुनेछ।

६. <u>परिचय पत्र जारी गर्ने</u>: (१) घाइतेको अपाङ्गताको आधारमा वर्गीकरण सहितको विवरण प्राप्त भइसकेपश्चात मन्त्रालयले घाइतेको इच्छाअनुसार निजलाई पायक पर्ने जिल्ला प्रशासन कार्यालयबाट परिचय पत्र प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले घाइतेको अपाङ्गताको प्रतिशत उल्लेख गरी आफ्नो कार्यालयमा अभिलेख जनाई अनुसूची बमोजिमको ढाँचामा परिचयपत्र जारी गर्नु पर्नेछ।

७. <u>भैपरी खर्च प्रदान गर्ने सम्बन्धी व्यवस्था</u>: (१) जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते भई अस्पतालमा भर्ना भएका व्यक्तिलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/६/१२ को निर्णय बमोजिम तत्कालका लागि भैपरी आउने खर्चवापत सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत बिस हजार रुपैँया उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको रकमका अतिरिक्त घाइते परिचयपत्रको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।८।२ को निर्णय बमोजिम पन्ध्र हजार थप रकम जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइनेछ।

८. <u>घाइतेलाई मासिक जीविकोपार्जन भत्ता प्रदान गरिने</u>: (१) प्राविधिक समितिबाट वर्गीकरण सहितको सूची प्राप्त भएपश्चात अपाङ्गता भएका व्यक्तिलाई प्रति महिना देहाय बमोजिमको रकम निजले चाहेको जिल्ला प्रशासन कार्यालयमार्फत भुक्तानी हुने गरी निर्वाह भत्ताको रूपमा उपलब्ध गराईने छः-

नेपाल सरकार गृह मन्त्रालय

(क) अति गम्भीर प्रकृतिका घाइते अपाङ्गलाई नौ हजार र निजलाई हेरचाह गर्ने व्यक्तिलाई नौ हजार गरी अठार हजार रुपैँया।

(ख) गम्भीर प्रकृतिका घाइते अपाङ्गलाई नौ हजार रुपैँया।

(ग) मध्यम प्रकृतिका घाइते अपाङ्गलाई चार हजार रुपैँया।

(२) उपदफा (१) बमोजिमको निर्वाह भत्ता सम्बन्धी व्यवस्था महंगीको आधारमा पुनरावलोकन गर्न सकिनेछ।

९. **निःशुल्क उपचारको व्यवस्थाः** जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते भई सोही कारणले नियमित स्वास्थ्य परीक्षण (फलो अप) गर्नु पर्ने र आजीवन उपचार आवश्यक पर्ने व्यक्तिलाई सरकारी स्वास्थ्य संस्था मार्फत निःशुल्क उपचारको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने छ।

१०. **स्वास्थ्य बीमा कार्यक्रमसम्बन्धी व्यवस्थाः** जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते तथा अपाङ्ग भएको व्यक्ति, निजको परिवारका सदस्य र शहीद परिवारका सदस्यलाई स्वास्थ्य विमा कार्यक्रममा समेट्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने छ।

११. **शिक्षा तथा रोजगार सम्बन्धी व्यवस्थाः** जेन-जी (Gen-Z) प्रदर्शनमा घाइते तथा अपाङ्ग भएको व्यक्ति वा निजको परिवारको सदस्य र शहीद परिवारका सदस्यलाई प्रचलित कानून बमोजिम निःशुल्क शिक्षा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत र रोजगार सम्बन्धी व्यवस्था श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सांस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतका विषयगत मन्त्रालयबाट मिलाउने गरी आवश्यक कार्य हुनेछ।

१२. **मानसिक रोग लागेका घाइते सम्बन्धी विशेष व्यवस्थाः** जेन-जी (Gen-Z) प्रदर्शनका कारण घाइते भई वा परिवारका सदस्यको मृत्यु भई वा उक्त प्रदर्शनसँग प्रत्यक्ष रूपमा सम्बन्धित घटनाक्रमका कारण कुनै मानसिक आघात परेका घाइतेलाई प्राविधिक समितिको सिफारिसको आधारमा यस कार्यविधि बमोजिमको उपचार, स्वास्थ्य बिमा, राहत सुविधा तथा मनोसामाजिक परामर्श प्रदान गर्न सकिने छ।

१३. **भत्ता रकम नपाउने अवस्थाः** जेन-जी (Gen-Z) प्रदर्शनका घाइते तथा अपाङ्ग भएको कुनै व्यक्ति सरकारी वा सार्वजनिक निकायको लाभको पदमा रही मासिक रुपमा तलव भत्ता वा निवृत्तभरण वा सामाजिक सुरक्षा लगायत सुविधा प्राप्त गरिरहेको भए यस कार्यविधि बमोजिमको जीवन निर्वाह भत्ता दिइने छैन।

१४. **अभिलेख राख्नु पर्नेः** मन्त्रालयको राहत तथा तथ्याङ्क सम्बन्धी विषय हेर्ने शाखाले घाइते तथा अपाङ्गता भएका र राहत रकम उपलब्ध गराइएका व्यक्तिको अभिलेख अध्यावधिक गर्नुपर्ने छ।

१५. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्ने छ।

२.८.१

नेपाल सरकार
गृह मन्त्रालय

अनुसूची

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय.............

**<u>जेन-जी (Gen-Z) प्रदर्शन घाइते/अपाङ्ग परिचय पत्र</u>**

| नाम, थर | ना.प्र.नं./राष्ट्रिय परिचयपत्र नं. | वतन | घाइते/अपाङ्गताको प्रकार | घाइते/अपाङ्गताको कारण | हालसम्म प्राप्त राहत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

<u>प्रमाणित गर्ने</u>

हस्ताक्षर..................

नामः

पदः

मितिः